कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत।

गण्डकी प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०८/५

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कुश्मा नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कुश्मा नगरपालिकाको प्रशासन शाखामा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | ०४-०८०/८१ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ (एक) |

१.आवश्यक न्यूनतम योग्यता र अनुभव

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको वा सो सरह उतिर्ण गरेको र आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,

ग) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको ,

घ) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई ग्राहयता दिइनेछ ।

ङ) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको

२ .दरखास्त दिने अन्तिम मितिः २०८०/८/१९गते सम्म (यदिआवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिने छ )

३. आवेदनको दस्तुरः रु ५०० (पाँच सय मात्र)

४. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा

५.लिखित र प्रयोगात्मक परीक्षा हुने मितिः प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।

६.आवेदन साथ संलग्न कागजातहरुः- नेपाली नागरिकता, न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र, तालिमको प्रमाणपत्र, कार्य अनुभव भए सोको कागजात र २ प्रति पासपोर्ट फोटो सहित संलग्न कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

७. सेवा सुविधा र अन्यः स्थानीय तहमा प्रावधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण, पाठयक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कार्यालयको website www.kushmamun.gov.np बाट उपलब्ध हुनेछ साथै थप जानकारीका लागि कार्यालयको फोन नं ०६७-४२०१४१ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत